कर्णाली प्रदेशको पहिलो दैनिक

# काँक्रेविहार

www.kankrebihar.com

राष्ट्रिय दैनिक




❐ वर्ष : २५ ❐ अंक : ३१६ ❐ शुक्रवार, १२ भदौ, २०८३ ❐ Friday, 28 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

## भोटेकोशीको प्रलय

# कर्णालीका १८५ नागरिक सम्पर्कविहीन

*उद्धार तथा खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका हजारौँ सुरक्षाकर्मी परिचालन गरिएका छन् । बाढीले सडक, पुल तथा अन्य भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । नदी थुनिएर बनेको ताल फुट्न सक्ने जोखिम कायमै रहेकाले भोटेकोशी तथा तल्लो तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ ।*

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ११ भदौ



रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि त्रिशूली नदीको तटीय क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति भएको छ । बाढीमा परी कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट रोजगारी तथा कामका लागि रसुवा, नुवाकोट र त्रिशूली क्षेत्र पुगेका १८५ जना अझै सम्पर्कविहीन छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोषसिंह राठौरका अनुसार सुरुमा सम्पर्कविहीन भनिएका २१६ जनामध्ये ३१ जना बिहीबारसम्म सम्पर्कमा आएका छन् । बाँकी १८५ जनाको खोजी भइरहेको छ ।

### जुम्लाका सबैभन्दा धेरै सम्पर्कविहीन

प्रदेश प्रहरी कार्यालयको विवरणअनुसार सम्पर्कविहीनमध्ये सबैभन्दा धेरै जुम्लाका ७० जना छन् । सल्यानका ४८, सुर्खेतका १६, मुगुका १३, रुकुम पश्चिमका १२, हुम्लाका ९, दैलेखका ७, कालिकोटका ६ तथा जाजरकोट र डोल्पाका २-२ जना सम्पर्कविहीन छन् । सम्पर्कविहीन हुनेमा १५३ पुरुष, २५ महिला, चार बालक र तीन बालिका छन् । आफन्तको आग्रहपछि प्रहरीले उनीहरूको खोजी तथा उद्धारका लागि केन्द्रीय प्रहरी कार्यालयसहित सम्बन्धित निकायमा पत्राचार गरेको जनाएको छ ।

### बाढीमा चार सय बढीको शव फेला

रसुवाको भोटेकोशीबाट त्रिशूली नदी हुँदै आएको बाढीमा परी बेपत्ता भएकामध्ये हालसम्म चार सय धेरै जनाको शव फेला परेको प्रहरीले जनाएको छ । बिहीबार रातीसम्मको विवरणअनुसार रसुवामा १७, नुवाकोटमा २८, धादिङमा ३३, गोरखामा ३०, चितवनमा १३२, तनहुँमा २२, नवलपरासी पूर्वमा ८२ र नवलपरासी पश्चिममा १५ जनाको शव फेला परेका छ, यस्तै अन्यको पहिचान हुन बाँकी छ । बाढीमा परी घाइते भएका ६३ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । त्रिवि शिक्षण अस्पतालमा ३१, ट्रमा सेन्टरमा २२ तथा अन्य अस्पतालमा समेत घाइतेको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

### करिव सात सय पर्यटक अझै सम्पर्कविहीन

भोटेकोशी बाढीका कारण सम्पर्कविहीन भएका पर्यटकको संख्या पनि ठूलो देखिएको छ । पर्यटन विभागका अनुसार आन्तरिक तथा बाह्य गरी ६६८ भन्दा धेरै पर्यटक सम्पर्कविहीन छन् । तीमध्ये ३२७ महिला छन् । सम्पर्कविहीन विदेशी पर्यटकमा १७८ भारतीय, ६५ अमेरिकी, ३५ अस्ट्रेलियन र २५ क्यानडेली नागरिक छन् । बाँकी १२७ जना नेपाली पर्यटक रहेको विभागको तथ्याङ्क छ ।

### ४१ पुल क्षतिग्रस्त, ४० किलो मिटर सडक ध्वस्त

बाढीले सडक तथा पुलमा समेत ठूलो क्षति पुऱ्याएको छ । करिब ४० किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ भने ४१ वटा पुलमा क्षति पुगेको सरकारी विवरण छ । वेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक प्रभावित भएको छ । गल्छीदेखि त्रिशूलीसम्मको सडकसमेत अवरुद्ध छ ।

पृथ्वीराजमार्गको केही खण्ड लेदोले पुरिएकाले सडक खुलाउन उपकरण परिचालन गरिएको छ । सरकारले पहिलो चरणमा पृथ्वीराजमार्ग सञ्चालनमा ल्याउने र रसुवालाई सडक सञ्जालसँग जोड्ने लक्ष्य राखेको छ । त्यसका लागि बेलिब्रिज जडानको तयारी भइरहेको छ । सडक खुलाउन सरकारी तथा निजी क्षेत्रका गरी २० वटा उपकरण परिचालन गरिएको जनाइएको छ ।

### नदी थुनिएर बनेको तालबाट अझै जोखिम

बाढीको जोखिम तत्काल समाप्त नभएको बाढी पूर्वानुमान महाशाखाले जनाएको छ । चीनतर्फबाट प्राप्त भू-उपग्रह तस्बिर तथा प्रारम्भिक विश्लेषणअनुसार बाढी सिर्जना भएको स्थानमा नदी थुनिएर ताल बनेको र उक्त ताल बढ्दै गएकाले फुट्ने जोखिमसमेत रहेको जनाइएको छ । महाशाखाले अर्को सूचना जारी नभएसम्म भोटेकोशी नदीको तल्लो तटीय बाँकी पृष्ठ ४

## महिनादिन पछि कर्णाली सरकार पूर्ण

# पहिलोपटक एकैपटक तीन महिला मन्त्री

❐ चाँदनी कठायत
सुर्खेत, ११ भदौ



कर्णाली प्रदेश सरकार गठन भएको करिब नौ वर्षपछि प्रदेश मन्त्रिपरिषदमा एकैपटक तीन जना महिला मन्त्री थपिएका छन् । मुख्यमन्त्री मंगलबहादुर शाहीले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट जुम्कित लामा, मिलन खड्का र कल्याणी खड्कालाई मन्त्री नियुक्त गरेसँगै कर्णालीको मन्त्रिपरिषद्मा महिला प्रतिनिधित्वले अहिलेसम्मकै उल्लेख्य आकार लिएको हो ।

प्रदेश प्रमुख यज्ञराज जोशीले बिहीबार तीनै जनालाई पद तथा गोपनीयताको शपथ गराए । जुम्कित लामाले भूमि व्यवस्था, कृषि तथा सहकारी, मिलन खड्काले भौतिक पूर्वाधार तथा सहरी विकास र कल्याणी खड्काले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पाएका छन् । खड्काद्वय रुकुम पश्चिमका हुन् भने लामा हुम्लाकी हुन् ।

तीन महिला मन्त्री थपिएसँगै मुख्यमन्त्रीसहित सात सदस्यीय कर्णाली मन्त्रिपरिषद्मा तीन महिला पुगेका छन् । यो कुल मन्त्रिपरिषद्को करिब ४२.९ प्रतिशत हो । यसअघि कर्णालीका मन्त्रिपरिषद्मा महिला सहभागिता एक वा दुई जनामा सीमित हुँदै आएको
थियो । कतिपय समयमा त महिला मन्त्रीको संख्या शून्यसमेत भएको थियो । त्यसैले अहिले एकैपटक तीन महिला मन्त्री नियुक्त हुनु कर्णालीको प्रदेश सरकारको अभ्यासमा महत्वपूर्ण परिवर्तनका रुपमा देखिएको छ ।

कर्णाली प्रदेश सरकार गठन भएयताको महिला सहभागिताको इतिहास भने निकै कमजोर छ । २०७४ फागुनमा पहिलो प्रदेश सरकार गठन हुँदा तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले विमला केसीलाई भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बनाएका थिए । पछि मन्त्रिपरिषद् पुनर्गठनका क्रममा सीता नेपाली पनि मन्त्री बनिन् । यसरी महेन्द्रबहादुर शाहीको कार्यकालमा दुई महिला मन्त्री बने ।

शाहीपछि कांग्रेसका जीवनबहादुर शाही मुख्यमन्त्री बने । उनको कार्यकालमा लामो समयसम्म मन्त्रिपरिषदमा महिला सहभागिता शून्य रह्यो । संविधानले समावेशी प्रतिनिधित्वको व्यवस्था गरे पनि मन्त्रिपरिषद्मा महिला नसमेटिएको भन्दै उच्च अदालत सुर्खेतमा रिटसमेत परेको
थियो । अदालतले संविधानको मर्मअनुसार मन्त्रिपरिषद्लाई समावेशी बनाउनुपर्ने आदेश दिएपछि कार्यकालको अन्तिमतिर माओवादी सांसद कृष्णा शाहलाई मन्त्री बनाइएको थियो । त्यसपछि २०७९ मा माओवादीका राजकुमार शर्मा मुख्यमन्त्री बने । उनको नेतृत्वमा सुरुमा उर्मिला विश्वकर्मालाई राज्यमन्त्री बनाइएको थियो । महिला सहभागिताका विषयमा आलोचना बढेपछि उनलाई पछि मन्त्रीमा बढुवा गरिएको थियो । त्यसबेला पनि आठ सदस्यीय मन्त्रिपरिषद्मा महिला सहभागिता एक जनामै सीमित रह्यो ।

राजकुमार शर्मापछि २०८० चैत २७ मा एमालेका यामलाल कँडेल मुख्यमन्त्री बने । उनको सरकारमा कांग्रेसकी विजया बुढाले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय सम्हालिन् भने एमालेकी गमता विक भौतिक पूर्वाधार तथा सहरी विकास राज्यमन्त्री बनिन् । यसरी कँडेल नेतृत्वको बाँकी पृष्ठ २

सम्पादकीय

# विपद्बाट सिकेर बलियो तयारी गर्ने समय

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले पुऱ्याएको क्षतिले नेपालमा विपद् व्यवस्थापनको तयारी र पूर्वसूचनाको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ । बाढीले बस्ती, बजार, सडक, पुल, भन्सार, प्रहरी कार्यालय तथा जलविद्युत् आयोजनाका संरचनामा ठूलो क्षति पुऱ्याउनुका साथै दर्जनौँ नागरिक सम्पर्कविहीन भएको घटनाले विपद् कुनै पूर्वसूचनाबिनै आउने प्राकृतिक घटना मात्र होइन, राज्यको तयारीको परीक्षा पनि हो भन्ने देखाएको छ । सरकारले प्रभावित जिल्लाका सबै स्थानीय तहलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु आवश्यक कदम हो। तर घोषणा मात्र पर्याप्त हुँदैन । संकटग्रस्त क्षेत्र घोषणा भएपछि त्यहाँ उद्धार, राहत, उपचार, पुनःस्थापना र क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माणको काम स्पष्ट कार्ययोजनासहित तीव्र गतिमा अघि बढ्नुपर्छ । विशेषगरी सम्पर्कविहीन नागरिकको खोजी र उद्धारलाई पहिलो प्राथमिकतामा राखिनुपर्छ ।

प्रारम्भिक विवरणअनुसार भूकम्पपछि हिमपहिरो खसेर बाढी आएको हुनसक्ने अनुमान गरिएको छ । यसको वैज्ञानिक पुष्टि हुन बाँकी रहे पनि यस्तो घटनाले हिमाली क्षेत्रमा जलवायु परिवर्तन, भौगोलिक जोखिम र प्राकृतिक विपद्बीचको सम्बन्धबारे थप गम्भीर भएर सोच्नुपर्ने अवस्था सिर्जना गरेको छ । हिमाली क्षेत्रमा बढ्दो तापक्रम र बदलिँदो मौसमी अवस्थालाई बेवास्ता गरेर विकास निर्माण अघि बढाउनु अब झन् जोखिमपूर्ण हुन सक्छ । बाढीका कारण त्रिशूली नदीका पुल र सडकमा पुगेको क्षतिले यातायात तथा आपूर्ति व्यवस्थामै असर पार्ने सम्भावना छ । टिमुरे भन्सार यार्डमा रहेका सयौँ मालवाहक कन्टेनर बग्नुले आर्थिक क्षतिको आकारसमेत ठूलो हुनसक्ने संकेत गरेको छ । जलविद्युत् आयोजनामा कार्यरत कर्मचारी सम्पर्कविहीन हुनु र आयोजनाका संरचनामा क्षति पुग्नुले विकास आयोजनाको सुरक्षा तथा विपद् जोखिम मूल्यांकनलाई पनि पुनरावलोकन गर्नुपर्ने देखाएको छ ।

यतिबेला नेपाली सेना र सुरक्षाकर्मीले हेलिकप्टर तथा ड्रोन प्रयोग गरेर उद्धार गरिरहेका छन् । घाइतेको निःशुल्क उपचारका लागि अस्पतालहरू तयारी अवस्थामा राखिनु सकारात्मक पक्ष हो। तर उद्धार सकिएपछि राज्यको जिम्मेवारी सकिँदैन । बेपत्ताको खोजी, विस्थापितको पुनःस्थापना, क्षतिको यथार्थ मूल्यांकन र क्षतिग्रस्त सडक तथा पुलको शीघ्र पुनर्निर्माण उत्तिकै आवश्यक छन् । रसुवाको घटनाले अर्को महत्वपूर्ण पाठ पनि दिएको छ । विपद् व्यवस्थापन राहत वितरणमा मात्र सीमित हुनु हुँदैन,जोखिम पहिचान, पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती विकास, पूर्वाधारको जोखिम मूल्यांकन र स्थानीय तहको क्षमता अभिवृद्धिमा राज्यले लगानी बढाउनुपर्छ । अब सरकारको परीक्षा उद्धारमा मात्र होइन, यस्तो विपद् दोहोरिँदा क्षति न्यून गर्न सक्ने प्रणाली निर्माणमा हुनेछ । प्रभावित नागरिकलाई तत्काल राहतसँगै सुरक्षित भविष्यको सुनिश्चितता दिनु राज्यको दायित्व हो । विपद्लाई दोष दिएर पन्छिने होइन, विपद्बाट सिकेर बलियो तयारी गर्ने समय आएको छ ।

## भोटेकोसी बाढी संकट :

# राज्यलाई सहयोग गर्ने समय



✍ महेश्वर दाहाल

देश फेरि शोकमा छ । हामीले दुःखलाई पनि कति धेरै किस्तामा भोगिसक्यौँ । कहिले भूकम्पले घरसँगै सपना भत्कायो । कहिले पहिरोले बस्ती बगायो । कहिले सप्तकोशी, रोशीले मानिसका जीवन र वर्षौंको कमाइ एकैछिनमा खोस्यो । कहिले हिमपहिरो, कहिले हिमताल विष्फोट, कहिले आकस्मिक बाढी । विपद्का नाम फरक छन् तर हरेकपटकको पीडा उस्तै छ। मानिसको घर रित्तिन्छ। परिवार छुट्टिन्छ। आमाको काख खाली हुन्छ।

बुधबार बिहानै रसुवा, भोटेकोशी क्षेत्रमा आएको आकस्मिक बाढीले नेपाल-चीन सीमादेखि नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। उद्धार र खोजी जारी छ। त्यसैले मृतक, बेपत्ता र भौतिक क्षतिको अन्तिम विवरण आएको छैन । अहिले मानिसको जीवन ठूलो हो । अहिलेको पहिलो काम एउटै हो, मानिस बचाउनू। यस्तो बेला देश शोकमा हुन्छ। तर शोक भनेको आँसु मात्रै होइन जिम्मेवारी पनि हो।

सरकारले उद्धार गरिरहेको छ । सुरक्षा निकाय परिचालित छन् । स्थानीय तहहरू मैदानमा छन् । नागरिक समाज, स्वयंसेवक र विभिन्न संघसंस्था सहयोगमा जुटेका छन्।

राजनीतिक दलहरूसँग देशभर फैलिएको ठूलो सामाजिक संयन्त्र छ । हजारौं कार्यकर्ता गाउँ-गाउँमा छन्। त्यसैले दलहरूले आफ्नो संगठनलाई राजनीतिक नाराका लागि होइन, नागरिक बचाउन प्रयोग गर्नुपर्छ । राहत सामग्री जुटाउन सकिन्छ । स्वयंसेवक परिचालन गर्न सकिन्छ । अस्थायी आवास बनाउन सहयोग गर्न सकिन्छ । उद्धारमा राज्यका संयन्त्रलाई सघाउन सकिन्छ।

तर, राहतका नाममा समानान्तर सत्ता बनाउनु हुँदैन । जसले जहाँबाट सहयोग उठाउँछ, त्यो एउटै पारदर्शी प्रणालीमा, सरकारको प्रणालीमा आउनुपर्छ। पैसा कहाँबाट आयो, कहाँ खर्च भयो, कसलाई दिइयो, सबै सार्वजनिक हुनुपर्छ। पीडितको दुःख कसैको राजनीतिक प्रचार सामग्री बन्नु हुँदैन। संकटमा पनि आफ्नो झण्डा अग्लो देखाउन, अग्लो देखिन खोज्ने प्रवृत्ति नागरिक पीडामाथिको हो । यो राजनीति गर्ने समय होइन, राज्यलाई सहयोग गर्ने समय हो । सरकारको कामलाई सहयोग गर्ने समय हो।

अझ अर्को संवेदनशील विषय छ, यो बाढी छिमेकी चीनदेखि आएको हो । नेपाल-चीन सीमाक्षेत्रसँग जोडिएको साझा प्राकृतिक जोखिम हो यो। सीमाको एउटा छेउमा विपद् आउँदा अर्को छेउ अछुतो रहँदैन। नदीले पासपोर्ट हेर्दो रहेनछ। पहिरोले सीमा सोध्दैन रहेछ। हिमालले दुई देशको राजनीतिक नक्सा चिन्दैन रहेछ। त्यसैले जोखिम पनि साझा हो र त्यसको सामना गर्ने जिम्मेवारी पनि धेरै हदसम्म साझा हुनुपर्छ। क्षति नेपालतिर मात्रै भएको छैन। उता पनि भएको छ। त्यसैले 'उसले सूचना दिएन', 'यसले लुकायो' भन्दै अनुमान र आरो राजनीतिको दुरूत्साहन गरौं !

अहिले सामाजिक सञ्जालमा गलत सूचना र अपुष्ट दाबीहरू फैलिन थालेका छन्। पुराना फोटो र भिडियो नयाँ घटनासँग जोडिएका छन्। मृतकको संख्या बढाएर प्रस्तुत गर्ने, प्रमाणबिनाका आरोप लगाउने र विपद्लाई राजनीतिक उत्तेजनाको सामग्री बनाउने काम झन् पीडादायी हुन्छ । विपद्का बेला सत्य सूचना पनि उद्धारको एउटा माध्यम हो । गलत सूचना आफैं अर्को विपद् बन्न सक्छ । यो घटना राहत दिएर टार्न वा बिर्सन सकिने विषय होइन।

चीन सक्षम छ भने त्यसबाट सहयोग लिनु नेपालको सार्वभौमसत्ताविरुद्ध हुँदैन । असल छिमेकीसँग विपद्का बेला सहयोग माग्नु कमजोरी होइन, परिपक्व कूटनीति हो। उद्धार, राहत, सडक, पुल, सञ्चार, पूर्वसूचना प्रणाली र भौतिक पूर्वाधार पुनर्निर्माणमा चीनसँग सहकार्य गर्न सकिन्छ।

हामीले वर्षौंदेखि जलवायु परिवर्तनको कुरा गरिरहेका छौं। हिमनदी पग्लिरहेका छन् । हिमतालको अवस्था बदलिँदैछ । हिमाली क्षेत्रमा तापक्रम बढिरहेको छ। विज्ञहरूले हिमताल विस्फोट, हिमपहिरो, पहिरो र आकस्मिक बाढीका जोखिमबारे चेतावनी दिइरहेका छन् । तर हाम्रो नीति, पूर्वाधार र विपद् हेर्दा लाग्छ, हामी अझै विपद् आउनुअघि तयार हुन सकेका छैनौं। सिकेका छैनौं।

हामी विपद् आएपछि दौडिन्छौँ । हेलिकोप्टर खोज्छौँ । राहत बोकेर पुग्छौँ । मृतक गन्छौँ। केही दिन शोक मनाउँछौँ। त्यसपछि विस्तारै बिर्सन्छौँ। अनि अर्को विपद् आउँदा फेरि त्यही चक्र दोहोरिन्छ।

भोटेकोशीको घटनालाई सामान्य वर्षाको बाढी भनेर अहिले नै निष्कर्ष निकाल्नु उचित हुँदैन । हिमाली क्षेत्रमा हिमपहिरो खस्न सक्छ । चट्टान नदीमा खस्न सक्छ। नदी थुनिन सक्छ। अस्थायी ताल बन्न सक्छ। त्यसपछि एकैपटक ठूलो पानी तलतिर आउन सक्छ। वास्तविक कारण वैज्ञानिक अध्ययनले बताउनेछ । त्यसैले अहिले अनुमान होइन, अनुसन्धान आवश्यक छ।

अब राहतसँगै दीर्घकालीन तयारीमा लाग्नुपर्छ। हिमताल र हिमनदीको निरन्तर निगरानी हुनुपर्छ। जोखिमको पूर्वानुमान गर्ने आधुनिक प्रणाली विकास गर्नुपर्छ। नेपाल-चीन सीमाक्षेत्रमा संयुक्त पूर्वसूचना संयन्त्र बनाउनुपर्छ। सूचना स्थानीय तहसम्म होइन, जोखिममा रहेका प्रत्येक परिवारसम्म पुग्ने व्यवस्था हुनुपर्छ। मोबाइलमा पुग्ने गरी प्रणालीको विकास गर्नुपर्छ। विकास भनेको सडक र पुल बनाउनु मात्रै होइन। विकास भनेको मानिसलाई सुरक्षित राख्नु पनि हो।

बाढी रोक्न सकिँदैन । पहिरो रोक्न सधैँ सकिँदैन । हिमताल फुट्नबाट सबैपटक रोक्न सकिँदैन । तर त्यसबाट हुने क्षति घटाउन सकिन्छ। समयमै सूचना दिन सकिन्छ। सुरक्षित ठाउँमा सार्न सकिन्छ। पूर्वतयारी गर्न सकिन्छ। उद्धारको अभ्यास गर्न सकिन्छ।

देश अहिले शोकमा छ । यो शोकलाई राजनीतिक विभाजनमा होइन, राष्ट्रिय एकतामा बदलौं ! सबै राहत र सहयोग राज्यको समन्वयमा एउटै बास्केटबाट गरौं ! राजनीतिक दलहरू आफ्ना कार्यकर्ता लिएर राज्यसँग उभिऊन् ! सञ्चारमाध्यमले तथ्यको रक्षा गरून् ! नागरिक समाजले स्वयंसेवा गरोस् ! सक्षम छिमेकीसँग सहयोग लिऔँ ! पीडितसँग उभिऔँ ! आज हामीले कसैलाई दोष दिनुभन्दा पहिले कसैलाई बचाउनुपर्छ।

आज एउटा आमाको छोरालाई घर फर्काउन सकिन्छ कि सकिँदैन, एउटा बाबुलाई आफ्नो परिवार भेटाउन सकिन्छ कि सकिँदैन, एउटा बालकलाई सुरक्षित राख्न सकिन्छ कि सकिँदैन, प्रश्न अहिले यति मात्रै हो।

किनकि विपद् सकिएपछि सडक बन्ला । पुल बन्ला। समाचारका शीर्षक फेरिएलान्। सामाजिक सञ्जालमा अर्को विषय आउला। तर जसको घर बग्यो, जसको मान्छे हरायो, जसको काख रित्तियो, उसका लागि विपद् समाचार होइन, जीवनभरको घाउ हो।

त्यसैले आज राजनीति होइन, राज्यलाई सहयोग गरौँ ! र, भोलिका पुस्ताले हामीलाई फेरि यही प्रश्न नसोधुन्, विपद् आउने कुरा थाहा हुँदाहुँदै पनि हामी किन तयारी थिएनौँ, हामी किन गम्भीर भएनौं ?

## पहिलोपटक...

सरकारमा दुई महिला सहभागी भए पनि पूर्ण मन्त्रीको हैसियतमा भने विजया बुढा थिइन्।

यसरी २०७४ देखि कर्णाली प्रदेशमा बनेका चारवटा सरकारमा हालसम्म विमला केसी, सीता नेपाली, कृष्णा शाह, उर्मिला विश्वकर्मा, विजया बुढा र गमता विक गरी छ जना महिला मन्त्री बनेका थिए।

सात वर्षको अवधिमा मुख्यमन्त्रीसहित ४३ जना मन्त्री बन्दा ३७ जना पुरुष र छ जना महिला रहे। महिला मन्त्रीको हिस्सा त्यस अवधिमा करिब १४ प्रतिशत मात्रै थियो।

अहिले भने यो इतिहासमा तीन नयाँ नाम थपिएका छन्। जुम्कित, मिलन र कल्याणीको नियुक्तिसँगै कर्णालीमा अहिलेसम्म मन्त्री बन्ने महिलाको संख्या नौ जना पुगेको छ। अझ महत्वपूर्ण कुरा, पहिलोपटक एउटै मन्त्रिपरिषद्मा तीन महिला मन्त्री एकसाथ कार्यकारी भूमिकामा पुगेका छन्।

महिला सहभागिताको यो अवस्था कर्णाली प्रदेशसभाको नेतृत्वसँग पनि जोडिन्छ। प्रदेशसभामा सभामुख र उपसभामुख दुवै महिला रहेका बेला प्रदेश सरकारको कार्यपालिकामा पनि तीन महिला मन्त्री पुगेका छन्। यसले कर्णालीको प्रदेश राजनीतिमा महिलाको उपस्थिति संसद्को नेतृत्वदेखि सरकार सञ्चालनसम्म फैलिएको देखाएको छ।

तर अहिलेको अवस्था आउन कर्णालीले लामो राजनीतिक यात्रा पार गर्नुपरेको छ। मन्त्रिपरिषद् विस्तारका क्रममा महिला सहभागिताको प्रश्न पटक-पटक उठे पनि विगतका सरकारमा त्यसलाई प्राथमिकतामा राखिएको देखिँदैन। विशेषगरी जीवनबहादुर शाहीको कार्यकालमा महिला सहभागिता शून्य भएपछि अदालतसम्म पुगेको विषयले कर्णाली सरकारको समावेशी चरित्रमाथि गम्भीर प्रश्न उठाएको थियो।

अहिलेको मन्त्रिपरिषद् पनि सहजै बनेको होइन । १२ साउनमा एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका मंगलबहादुर शाहीले सुरुमा मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेनन्। एमालेसँग मन्त्रालय भागबन्डामा सहमति नहुँदा उनी २३ दिनसम्म एक्लै सरकार सञ्चालन गर्ने अवस्थामा पुगे। ३ भदौमा विश्वासको मत लिनुअघि एमालेसँग मन्त्रालय बाँडफाँटमा सहमति जुटेपछि एमालेका तीन मन्त्री सरकारमा सहभागी भए।

सहमतिअनुसार टेकराज पछाईले आर्थिक मामिला तथा योजना, जितबहादुर मल्लले सामाजिक विकास र कलबहादुर हमालले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको जिम्मेवारी पाए। तर मुख्यमन्त्रीको दल नेकपाभित्रै मन्त्री छनोटको विवाद बाँकी रह्यो। आकांक्षी धेरै भएपछि मन्त्रीको नाम टुंग्याउन नसक्दा मन्त्रिपरिषद् विस्तार थप लम्बियो। पार्टीभित्रको शक्ति सन्तुलन मिलाउन मुख्यमन्त्री शाहीले शीर्ष नेताहरूसँग समेत छलफल गर्नुपरेको थियो।

विशेषगरी पार्टी एकतापछि पूर्वसमाजवादी धारलाई पनि सरकारमा समेट्नुपर्ने दबाब थियो। सोही राजनीतिक सन्तुलन मिलाउने क्रममा कल्याणी खड्कालाई सरकारमा सहभागी गराइएको हो। यससँगै जुम्कित लामा र मिलन खड्कासहित नेकपाबाट तीन महिला मन्त्री बने।

यसरी मुख्यमन्त्री नियुक्त भएको २९ दिनपछि कर्णाली सरकारले पूर्णता पाएको छ। तर यसपटक मन्त्रिपरिषद् विस्तारको सबैभन्दा ठूलो राजनीतिक सन्देश सरकार पूर्ण हुनु मात्रै होइन, महिला सहभागिताको अनुपातमा आएको परिवर्तन हो।

## विपद्को सामना गर्न नेपाललाई सहयोग गर्छौं : अमेरिकी उपविदेशमन्त्री हुकर

❐ कान्क्रेविहार संवाददाता
काठमाडौं, ११ भदौ

परराष्ट्रमन्त्री शिशिर खनालले अमेरिकी राजनीतिक मामिला उपविदेशमन्त्री एलिसन हुकरसँग बिहीबार टेलिफोन वार्ता गरेका छन्। वार्ताका क्रममा उपविदेशमन्त्री हुकरले बुधबार आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति अमेरिकी सरकारका तर्फबाट गहिरो दुःख तथा समवेदना व्यक्त गरिन्।

रसुवा, नुवाकोटलगायतका क्षेत्रमा आएको विनाशकारी बाढीबाट बुधबार ठूलो जनधनको क्षति भएपछि प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्य जारी रहेका बेला उक्त टेलिफोन वार्ता भएको हो। उपविदेशमन्त्री हुकरले विपद्को यस कठिन घडीमा नेपाललाई परिस्थितिसँग जुध्न सहयोग गर्ने अमेरिकी सरकारको प्रतिबद्धता व्यक्त गर्दै नेपाल र नेपाली जनताप्रति ऐक्यबद्धता जनाइन् । उपविदेशमन्त्री हुकरले बाढीबाट प्रभावित नागरिकको खोज तथा उद्धारका लागि सरकारले सञ्चालन गरिरहेको अभियानबारे जानकारी लिनुका साथै बेपत्ता अमेरिकी नागरिकको खोजी तथा उद्धारको अवस्थाबारे समेत चासो राखेकी थिइन्।

सो अवसरमा परराष्ट्रमन्त्री खनालले नेपाल सरकारले प्रभावित नागरिकको खोज तथा उद्धारका लागि सञ्चालन गरिरहेको कार्यबारे जानकारी गराए। उनले विपद्का कारण प्रभावित सबैको खोजी, उद्धार तथा राहतका लागि सरकारले उपलब्ध सम्पूर्ण स्रोतसाधन परिचालन गरिरहेको बताए। परराष्ट्रमन्त्री खनालले कठिन परिस्थितिमा नेपाललाई सहयोग गर्ने अमेरिकी सरकारकोतत्परताप्रतिधन्यवाद व्यक्त गरे।

# बाढीपीडितलाई गाउँपालिकाको एक लाख सहयोग



❑ काँक्रेविहार संवाददाता
डोल्पा, ११ भदौ

हिमाली जिल्ला डोल्पाको काइके गाउँपालिकाले रसुवाको गोसाइँकुण्ड गाउँपालिका दुई टिमुरेमा भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा राहतका लागि एक लाख रुपैयाँ सहयोग गर्ने भएको छ।

गाउँपालिकाका अध्यक्ष अंगद रानाले विज्ञप्ति जारी गर्दै बाढीका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका छन्। उनका अनुसार विपद्मा परेका नागरिकको तत्काल खोज तथा उद्धार, राहत वितरण र आवश्यक सहयोगमा सहजता होस् भन्ने उद्देश्यले गाउँपालिकाले सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको हो। गाउँपालिकाले उक्त एक लाख रुपैयाँ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत उपलब्ध गराउने जनाएको छ।

विपद्को समयमा प्रभावित परिवारलाई राहत तथा उद्धारका लागि आवश्यक स्रोत परिचालन गर्नुपर्ने भएकाले स्थानीय तहबाट सहयोग गर्ने निर्णय गरिएको अध्यक्ष रानाले बताए।

बुधबार बिहान आएको भीषण बाढीका कारण भोटेकोशी, त्रिशूली र नारायणी नदीका तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएको जनाइएको छ।

बाढीका कारण नदी आसपासका बस्ती तथा संरचनामा समेत जोखिम बढेको भन्दै स्थानीय प्रशासनले उद्धार तथा राहतका कामलाई प्राथमिकता दिएको छ। यसैबीच, काइके गाउँपालिकाले नदी तटीय क्षेत्रका बासिन्दालाई थप जोखिमबाट जोगिन सुरक्षित स्थानमा जान आग्रह गरेको छ। बाढी तथा नदीको बहावमा अचानक परिवर्तन आउन सक्ने भएकाले अनावश्यक रूपमा नदी किनारमा नजान र उच्च सतर्कता अपनाउन गाउँपालिकाले अनुरोध गरेको हो।

गाउँपालिकाले विपद्को समयमा स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय गरी प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ। साथै, विपद्बाट प्रभावित नागरिकलाई आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित निकाय र सरोकारवालालाई समेत आग्रह गरिएको छ। काइके गाउँपालिकाले यसअघि पनि विभिन्न विपद्का घटनामा सहयोग गर्दै आएको जनाउँदै यसपटक पनि मानवीय दायित्वका रूपमा सहयोग गर्न लागेको जनाएको छ।

# गाउँमा घर रित्तिँदै, खेतबारी बाँझिँदै

❑ काँक्रेविहार संवाददाता
जाजरकोट, ११ भदौ



शिवालय गाउँपालिकाका गाउँहरूमा पछिल्लो समय चहलपहल घट्दै गएको छ। रोजगारी, शिक्षा, स्वास्थ्य र आर्थिक अवसरको खोजीमा स्थानीय बसाइँ सर्न थालेपछि गाउँका धेरै घर खाली भएका छन् भने खेतीयोग्य जमिन बाँझिँदै गएको छ।

शिवालय गाउँपालिका पाँच थालारैकरकी गङ्गा शाही गाउँमा आफ्नै घरजग्गा भए पनि परिवारको आवश्यकता पूरा गर्न कठिन भएपछि सुर्खेतको वीरेन्द्रनगरमा कोठा भाडामा लिएर बस्दै आएकी छन्। त्यस्तै, लामो समय खेतीपाती गर्दै आएका नैनबहादुर शाही करिब दुई वर्षअघि गाउँ छाडेर बर्दियाको बढैयाताल पुगे।

खेतीबाट अपेक्षित आम्दानी हुन नसकेपछि बसाइँ सर्नुपरेको उनको भनाइ छ। गाउँमा रहेको उनको खेत तथा पाखोबारी अहिले बाँझो छ।

स्थानीयका अनुसार नैनबहादुर जस्तै सयौँ परिवार गाउँबाहिर छन्। सहरमा भाडाको कोठामा बस्ने परिवारका आफ्नै घर भने गाउँमा रित्तै छन्।

युवा जनशक्ति बाहिरिएपछि कतिपय घरमा वृद्धवृद्धा मात्रै बाँकी छन् भने कतिपय घर पूर्ण रूपमा बन्द छन्। बसाइँसराइको प्रत्यक्ष असर कृषि उत्पादनमा समेत परेको छ।

धान, मकै, कोदो र गहुँ उत्पादन हुने खेतबारी अहिले झाडीले ढाकिन थालेका छन्। घरमा काम गर्ने युवा नहुँदा वृद्धवृद्धालाई मात्रै खेतीपाती गर्न कठिन भएको स्थानीय बताउँछन्।

शिवालयमा सडक, विद्युत्, सञ्चार, विद्यालयलगायतका पूर्वाधार विकास भए पनि रोजगारी र आम्दानीका पर्याप्त अवसर सिर्जना हुन सकेका छैनन्।

खेतीपातीबाट पर्याप्त आम्दानी नहुनु, रोजगारीको सीमितता, बालबालिकाको शिक्षाका लागि सहर जानुपर्ने अवस्था तथा सहज स्वास्थ्य सेवाको खोजी नै बसाइँसराइका प्रमुख कारण बनेका छन्।

स्थानीयको बसाइँसराइ रोक्न गाउँमै रोजगारी सिर्जना, कृषि उत्पादनको बजारीकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा विस्तार आवश्यक देखिन्छ। अन्यथा गाउँका घरसँगै उर्वर खेतबारीसमेत क्रमशः सुनसान र बाँझो बन्ने जोखिम बढ्दै जानेछ।

# कर्णालीका २० स्थानीय तहमा फलफूल बगैँचा कार्यक्रम



❑ काँक्रेविहार संवाददाता
हुम्ला, ११ भदौ

कर्णाली प्रदेशका नौ जिल्लाका २० स्थानीय तहमा फलफूल बगैँचा कार्यक्रम सञ्चालन हुने भएको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यान्वयन एकाइ, सुर्खेतले चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गर्न लागेको हो।

आयोजनाका कार्यान्वयन एकाइ प्रमुख कृष्णबहादुर रोकायाका अनुसार सम्भाव्यता अध्ययनका आधारमा छनोट भएका स्थानीय तहमा फलफूल बगैँचा स्थापना गरी खेती विस्तार गरिनेछ।

कार्यक्रम अन्तर्गत हुम्लाका अदानचुली र ताँजाकोट, जुम्लाका हिमाली, सिञ्जा र कनकासुन्दरी गाउँपालिका तथा रुकुम पश्चिमका बाँफीकोट, मुसीकोट र सानीभेरी नगरपालिका छनोट भएका छन्।

सल्यानका सिद्धकुमाख र शारदा, जाजरकोटका छेडागाड र जुनीचौँदे, दैलेखका नारायण, आठबीस र चामुण्डाबिन्द्रासैनी नगरपालिका, कालीकोटका नरहरिनाथ र शुभकालिका, मुगुका सोरु र खत्याड तथा डोल्पाको मुड्केचुला गाउँपालिकामा कार्यक्रम सञ्चालन गरिनेछ।

आयोजनाले बगैँचा स्थापनाका लागि सूचना प्रकाशित गरिसकेको छ। प्राप्त प्रस्तावमध्येबाट छनोट गरी कार्यक्रम कार्यान्वयन गरिने जनाएको छ।

रुकुम पश्चिम, सल्यान, जाजरकोट र दैलेखमा सुन्तला जातका फलफूल तथा ओखरलाई प्राथमिकता दिइनेछ। कालीकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पामा भने स्याउ, ओखर र कागतीलगायत फलफूल खेतीलाई प्राथमिकता दिइनेछ।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यविधि, २०८३ अनुसार किसान, कृषि समूह, सहकारी तथा कृषि उद्यमीलाई बगैँचा स्थापनाका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

प्राविधिक लागत अनुमानका आधारमा बजेट निर्धारण गरिने र कम्तीमा एक हेक्टरदेखि बढीमा २५ हेक्टर जमिनमा बगैँचा स्थापना गर्नुपर्ने व्यवस्था छ।

फलफूल खेती विस्तार गरी पहाडी तथा हिमाली क्षेत्रमा व्यावसायिक उत्पादन बढाउने, किसानको आम्दानी वृद्धि गर्ने र स्थानीय उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न लागिएको आयोजनाले जनाएको छ।

# डिपिआरमा पचालझरनाको ७० लाख खर्च

❑ काँक्रेविहार संवाददाता
कालीकोट, ११ भदौ



पचालझरना गाउँपालिकाले डिपिआर (विस्तृत परियोजना प्रतिवेदन), अध्ययन तथा विभिन्न योजना निर्माणका नाममा आर्थिक वर्ष २०८१/८२ मा ७० लाख रुपियाँभन्दा बढी खर्च गरेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ।

स्थानीय तहमा उपलब्ध प्राविधिक जनशक्तिबाटै गर्न सकिने काममसमेत बाह्य परामर्शदातामार्फत गराइएको भन्दै महालेखाले खर्च नियन्त्रण गर्न सुझाव दिएको छ

आफ्नै इन्जिनियर तथा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाता प्रयोग गर्दा पालिकामाथि अनावश्यक आर्थिक भार थपिएको प्रतिवेदनमा उल्लेख छ।

गाउँपालिकाले वडा नं. छ कार्यालय भवनका लागि माटो परीक्षण तथा डिपिआरमा मात्रै करिब १० लाख रुपियाँ खर्च गरेको छ। त्यस्तै झोलुङ्गे पुलको डिपिआरका लागि पाँचदेखि छ लाख तथा राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत छ वटा भवन निर्माणका लागि पाँच लाख रुपियाँ खर्च गरिएको छ।

पाँचवर्षे आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा आन्तरिक नियन्त्रण प्रणाली निर्माणका लागि करिब १४ लाख रुपियाँ भुक्तानी गरिएको छ।

पर्यटन गुरुयोजनामा १० लाख, भूउपयोग वर्गीकरण योजनामा १० लाख र लाफा बेलिब्रिजका लागि १४ लाख रुपियाँ खर्च भएको जनाइएको छ।

राजस्व सुधार कार्ययोजनामा पनि करिब चार लाख रुपियाँ खर्च गरिएको छ। ओएनएम (सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण) मा भएको वास्तविक खर्चबारे भने कर्मचारीहरूले यकिन जानकारी नभएको बताएका छन्।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमार रानामगरले आवधिक योजना, राष्ट्रपति सुधारलगायत केही योजनामा रकम खर्च भएको जानकारी पाएको बताए।

उनले आफू पालिकामा भर्खरै आएको र विगतको खर्चबारे थप अध्ययन गरिरहेको बताए। यसैबीच, डिपिआर तथा योजना निर्माणका क्रममा गाउँपालिका अध्यक्ष देवराज शाही, उपाध्यक्ष अल्किना बम, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश सापकोटा र इन्जिनियर लोकराज पन्तको प्रत्यक्ष संलग्नता रहेको स्रोतले दाबी गरेको छ।

करोडौँ रुपियाँको योजनाको पूर्वतयारी तथा डिपिआर निर्माणमा पर्याप्त प्रतिस्पर्धात्मक प्रक्रिया नअपनाई परामर्शदाता छनोट गरिएको आरोपसमेत लागेको छ।

महालेखाले यस्ता काममा पालिकाकै जनशक्ति उपयोग गरी खर्च घटाउन तथा पारदर्शिता कायम गर्न सुझाव दिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# आस्था, प्रकृति र पर्यटनको अनुपम संगम, महाबु धाम



काँक्रेविहार संवाददाता
दैलेख, ११ भदौ

धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र पर्यटनको प्रचुर सम्भावना बोकेको दैलेखको महाबु धाम पछिल्लो समय आकर्षक गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। दैलेखको महाबु गाउँपालिकामा पर्ने महाबु लेक दैलेख र कालिकोट जिल्लाको सीमाक्षेत्रमा अवस्थित छ। समुद्री सतहबाट करिब चार हजार दुई सय मिटर उचाइमा रहेको यस क्षेत्रलाई पहिले 'गाथ' भनिन्थ्यो अहिले भने महाबु धाम वा महाबु गाथका रूपमा परिचित छ।

महाबु विशाल र हरियाली पाटन, अग्ला लेक, स्वच्छ हावापानी र मनोरम प्राकृतिक दृश्यले भरिएको छ। कुनै समय दैलेख, कालिकोट र जुम्लालगायतका क्षेत्रबाट गोठालाहरू भैँसी तथा भेडाबाख्रा चराउन यहाँ आउने गर्दथे।

पाटनमा चरिरहेका भेडाबाख्रा, शान्त वातावरण र चारैतिर देखिने पहाडी भू-दृश्यले महाबुको आकर्षण थप बढाएको छ। महाबुको धार्मिक महत्त्व भने यहाँ रहेको शिवलिङ्गसँग जोडिएको छ। विशाल ढुङ्गामाथि रहेको शिवथानमा स्थानीय तथा भक्तजनको गहिरो आस्था छ। प्रत्येक वर्ष जनैपूर्णिमाका अवसरमा यहाँ विशेष पूजाआजा र मेला लाग्ने गर्दछ।

नेपालका विभिन्न जिल्लासँगै भारतबाट समेत हजारौँ भक्तजन महाबु पुग्ने गरेका छन्। महादेवसँग मनोकामना मागे पूरा हुने जनविश्वासका कारण भक्तजनले त्रिशूल चढाउने, परिक्रमा गर्ने र विभिन्न धार्मिक विधि पूरा गर्ने गर्छन्।

महाबुसँग 'लाटो गोठालो'को चर्चित किंवदन्तीसमेत जोडिएको छ। स्थानीय विश्वासअनुसार एक गोठालोले गाईले आफैँ शिवलिङ्गमा दूध चढाउने गरेको देखेपछि उक्त स्थानमा शिवलिङ्ग भेटिएको थियो त्यसपछि महादेवको कृपाले उनी बोल्न सक्ने भएको जनविश्वास छ। धार्मिक पर्यटनसँगै महाबुमा चलचित्र पर्यटनको सम्भावना पनि देखिएको छ। हिमाली भूगोल, विशाल पाटन, ग्रामीण जीवनशैली र प्राकृतिक दृश्यका कारण चलचित्र तथा डकुमेन्ट्री निर्माणका लागि यो क्षेत्र आकर्षक बन्न सक्छ यद्यपि सडक, आवास, धर्मशाला, खानेपानी, शौचालय, स्वास्थ्य तथा सुरक्षा सेवाको अभाव महाबुको विकासमा चुनौती बनेको छ। सडक स्तरोन्नति, आवश्यक पूर्वाधार निर्माण र प्रभावकारी प्रचारप्रसार गर्न सके महाबुलाई कर्णालीकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने देखिन्छ।

## कर्णालीका...

क्षेत्रका बासिन्दा, यात्रु तथा उद्धारमा खटिने सुरक्षाकर्मीलाई नदी किनार र जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानमा रहन आग्रह गरेको छ।

### चार हजारभन्दा बढी सुरक्षाकर्मी उद्धारमा

विपद्मा उद्धारका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना व्यापक रूपमा परिचालन भएका छन्। नेपाली सेनाका अनुसार बिहीबारसम्म ६०२ जनालाई हवाइ माध्यमबाट र करिब २०० जनालाई जमिनबाट उद्धार गरिएको छ।

उद्धार गरिएकामध्ये ५० जना विदेशी नागरिकसमेत छन्। उद्धार तथा उपचारका लागि त्रिशूलीमा आपत्कालीन उपचार केन्द्र स्थापना गरिएको छ। सैनिक चिकित्सकसहितको मेडिकल टोलीले ३३८ जना घाइतेलाई उपचार प्रदान गरेको छ।

खोज तथा उद्धारलाई प्रभावकारी बनाउन ड्रोन र सैनिक कुकुरसमेत परिचालन गरिएको छ।

### ४१ पुल क्षतिग्रस्त, ४० किलोमिटर सडक ध्वस्त

बाढीले सडक तथा पुलमा समेत ठूलो क्षति पुऱ्याएको छ। करिब ४० किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ भने ४१ वटा पुलमा क्षति पुगेको सरकारी विवरण छ। वेत्रावती-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक प्रभावित भएको छ। गल्छीदेखि त्रिशूलीसम्मको सडकसमेत अवरुद्ध छ। पृथ्वीराजमार्गको केही खण्ड लेदोले पुरिएकाले सडक खुलाउन उपकरण परिचालन गरिएको छ।

सरकारले पहिलो चरणमा पृथ्वीराजमार्ग सञ्चालनमा ल्याउने र रसुवालाई सडक सञ्जालसँग जोड्ने लक्ष्य राखेको छ। त्यसका लागि बेलिब्रिज जडानको तयारी भइरहेको छ। सडक खुलाउन सरकारी तथा निजी क्षेत्रका गरी २० वटा उपकरण परिचालन गरिएको जनाइएको छ।

### सुरक्षाकर्मीको सुविधा बढाउने निर्णय

विपद्को समयमा ज्यान जोखिममा राखेर उद्धार तथा राहतमा खटिने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका जनशक्तिको भत्ता तथा दैनिक खाजा खर्च बढाउने निर्णयसमेत गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी समितिले उनीहरूको सेवा-सुविधा परिमार्जन गर्ने निर्णय गरेको हो। यसैबीच प्रधानमन्त्री बालेन शाह बाढीबाट भएको क्षति तथा उद्धार कार्यको अवस्थाबारे जानकारी लिन नुवाकोटको विदुर पुगेका छन्। उनले प्रशासन तथा सुरक्षा निकायका प्रमुखसँग ब्रिफिङ लिइरहेका छन्।

छलफलमा पूर्वाधार विकासमन्त्री सुनील लम्साल, सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देललगायत सहभागी छन्।

# कर्णाली कांग्रेसबाट बाढीपीडितलाई दुई लाख २५ हजार सहयोग

काँक्रेविहार संवाददाता
सुर्खेत, ११ भदौ

भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि नेपाली कांग्रेस कर्णाली प्रदेश संसदीय दलले आर्थिक सहयोग गर्ने भएको छ।



बिहीबार बसेको संसदीय दलको बैठकले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा दुई लाख २५ हजार रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो। उक्त रकम संसदीय दलका १५ जना सदस्यबाट प्रतिव्यक्ति १५ हजार रुपैयाँका दरले संकलन गरिने सांसद बेदराज सिंहले जानकारी दिए।

बाढीबाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन, घाइतेको उपचार तथा बेपत्ताको खोजीलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्नुपर्नेमा संसदीय दलले जोड दिएको छ।

बैठकले बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार र पुनःस्थापनाका कामलाई उच्च प्राथमिकताका साथ अघि बढाउन नेपाल सरकार र सम्बन्धित निकायसँग आग्रह गर्ने निर्णयसमेत गरेको छ।

संसदीय दलले प्राकृतिक विपद्बाट प्रभावित नागरिकको जीवनरक्षा र सुरक्षित पुनःस्थापनाका लागि राज्यका सबै संयन्त्रबीच प्रभावकारी समन्वय आवश्यक रहेको जनाएको छ। त्यसैगरी, बाढीपीडितका लागि थप आर्थिक सहायता उपलब्ध गराउन कर्णाली प्रदेश सरकारलाई समेत अनुरोध गर्ने निर्णय गरिएको सांसद सिंहले बताए।

प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो स्रोत र क्षमताअनुसार विपद् प्रभावित क्षेत्रमा राहत तथा उद्धारका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा बैठकले जोड दिएको छ।

भोटेकोशी नदीमा आएको बाढीका कारण विभिन्न क्षेत्रमा जनधनको क्षति भएको भन्दै संसदीय दलले दुःख व्यक्त गरेको छ। विपद्को कठिन परिस्थितिमा प्रभावित परिवारलाई सहयोग गर्न राजनीतिक दल, सरकार, निजी क्षेत्र तथा नागरिक समाज सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा समेत कांग्रेस कर्णाली प्रदेश संसदीय दलले अपिल गरेको छ।

# चिङ्गाडका कर्मचारीले बाढीपीडितलाई सहयोग गर्ने

काँक्रेविहार संवाददाता
सुर्खेत, ११ भदौ

चिङ्गाड गाउँपालिकाका कर्मचारीले भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत, उपचार तथा पुनर्स्थापनामा सहयोग गर्ने भएका छन्।

गाउँपालिकाले राष्ट्रसेवक कर्मचारीको पारिश्रमिकबाट रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो।

गाउँपालिकाका अनुसार गाउँपालिका कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रमा कार्यरत राष्ट्रसेवक कर्मचारीको तीन दिन बराबरको पारिश्रमिक कट्टा गरिने छ। त्यस्तै, श्रेणीविहीन कर्मचारीको दुई दिन बराबरको पारिश्रमिक कट्टा गरी कोषमा जम्मा गरिने जनाएको छ।

भदौ १० गते आएको आकस्मिक बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै गाउँपालिकाले मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ। साथै, बेपत्ता नागरिकको शीघ्र खोजी तथा घाइतेको स्वास्थ्य लाभको कामना गरिएको छ।

बाढी प्रभावित नागरिकको उद्धार तथा राहतका लागि संघीय र प्रदेश सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय तथा विभिन्न मानवीय संस्थाले गरेको प्रयासको गाउँपालिकाले प्रशंसा गरेको छ।

प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा आवश्यक राहत सामग्री तत्काल पुऱ्याउन सम्बन्धित निकायलाई आग्रहसमेत गरिएको छ।

मौसम अझै पूर्ण रूपमा अनुकूल नभएको र बाढी तथा पहिरोको जोखिम कायमै रहेकाले गाउँपालिकाले नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। अनावश्यक यात्रा नगर्न र जोखिमयुक्त स्थानमा नबस्नसमेत गाउँपालिकाले अनुरोध गरेको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१२**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गोपाल कृष्ण गिरी सहित ५ जना** धनी रहेको, **दर्ता नम्बर** १३५८/०६७/०६८ बाट **बराहताल-२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सुर्खेत डेरी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)